जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com



बर्ष १३ • अंक २७२ • २०८३ श्रावण ६ गते बुधवार • 22 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


## जनकपुरधाममा मिर्गौला रोग उपचार केन्द्र स्थापनाको सिफारिस

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ श्रावण



मधेश प्रदेशमा विशेषज्ञ मिर्गौला उपचार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले गठित सम्भाव्यता अध्ययन समितिले जनकपुरधाममा मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्न सिफारिस गरेको छ । समितिले प्राविधिक, पूर्वाधार, जनशक्ति, आर्थिक तथा सामाजिक पक्षको अध्ययनपछि संघ र प्रदेश सरकारको सहकार्यमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरबाट केन्द्र सञ्चालन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले गठन गरेको सम्भाव्यता अध्ययन समितिले तयार पारेको प्रतिवेदनमा धनुषाको जनकपुरधाम उपमहानगरपालिका मुजेलियामा सार्वजनिक मोडल अन्तर्गत मिर्गौला रोग उपचार केन्द्र स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

प्रस्तावित केन्द्रलाई मध्यमकालीन (६-१० वर्ष) परियोजनाका रूपमा अघि बढाउने तथा स्वास्थ्य क्षेत्रअन्तर्गत सामाजिक क्षेत्रको प्राथमिकता प्राप्त आयोजनाका रूपमा कार्यान्वयन गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रममा क्यान्सर तथा मिर्गौला प्रत्यारोपणजस्ता जटिल उपचार सेवालाई प्रदेशस्तरमा विस्तार गर्ने लक्ष्यअनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले वरिष्ठ कन्सल्टेन्ट नेफ्रोलोजिस्ट डा. विक्रम वीर वज्राचार्यको संयोजकत्वमा सम्भाव्यता अध्ययन समिति गठन गरेको थियो। समितिमा डा. कल्पना कुमारी श्रेष्ठ, डा. धिरज नारायण मानन्धर, डा. हेमन्त चन्द्र ओभ्क्ता तथा मन्त्रालयका उपसचिव ईश्वरीप्रसाद ढकाल (सदस्य-सचिव) रहेका थिए । समितिले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, बर्दिबास नगर अस्पताल, गजेन्द्र नारायण सिंह अस्पताल, रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, प्रादेशिक अस्पताल मलंगवा तथा नारायणी अस्पतालको स्थलगत अध्ययन, सरोकारवालासँग छलफल र प्राविधिक मूल्याङ्कनपछि प्रतिवेदन तयार गरेको हो । प्रतिवेदनअनुसार नेपालमा करिब ६.२ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको मिर्गौला रोगबाट प्रभावित छन् भने मधेश प्रदेशमा निकै कम नेफ्रोलोजिस्ट कार्यरत छन् । प्रदेशमा हेमोडायलाइसिस मेसिन, विशेषज्ञ सेवा र मिर्गौला प्रत्यारोपण सेवाको पहुँच सीमित रहेकाले अधिकांश बिरामी उपचारका लागि काठमाडौं तथा अन्य प्रदेश धाउनुपर्ने अवस्था रहेको उल्लेख छ । समितिले केन्द्र सञ्चालनका लागि संघ, प्रदेश तथा संघ-प्रदेश सहकार्यका तीन मोडल अध्ययन गरेको थियो। त्यसमध्ये संघ र प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुने मोडललाई सबैभन्दा उपयुक्त ठहर गर्दै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत सञ्चालन गर्न सिफारिस गरिएको छ ।

## हर्क साम्पाङ आउने भएपछि स्वागतका लागि पुगेका कार्यकर्ताहरू जानकी मन्दिरबाट लेखिटिए



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ श्रावण

जनकपुरधामस्थित जानकी मन्दिरमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ आउने भएपछि स्वागतका लागि पुगेका कार्यकर्ताहरू मन्दिरबाट लेखिटिएका छन् ।

साम्पाङ आउने थाहा भएपछि भेला भएका हिन्दु सम्राट सेनाका कार्यकर्ताले मन्दिर परिसरबाट श्रम संस्कृति पार्टीका कार्यकर्तालाई लखेटेका हुन् । सो क्रममा मन्दिर परिसरमा भागदौड समेत मच्चिएको थियो ।

पार्टी कार्यक्रममा सहभागी हुन साम्पाङ मंगलबार दिउँसो जनकपुर आउने र जानकी मन्दिर दर्शन गर्ने कार्यक्रम थियो । हिन्दु सम्राट सेनाका युवाहरूले श्रम संस्कृति पार्टी अध्यक्ष हर्क साम्पाङबाट बारम्बार धार्मिक अतिवाद फैलाउने अभिव्यक्ति आएको कारण उनको विरोध गरिएको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसुदन न्यौपानेले प्रतिनिधि सभा सदस्य हर्क साम्पाङ आउने भएपछि केही मानिसले विवाद गर्न खोजेकाले सुरक्षाकर्मी मन्दिर परिसरमा परिचालन गरिएको जानकारी दिए ।

उनले भने, 'उहाँ धरानबाट आउँदै हुनुहुन्छ, अहिले बाटोमा हुनुहुन्छ, तर उहाँ नआउँदै मन्दिर परिसरमा विवादको स्थिति सिर्जना भएपछि कुनै अप्रिय घटना हुन नदिन सुरक्षा व्यवस्था कडा बनाएका छौं ।'

मन्दिर परिसरमै भागदौडको स्थिति सिर्जना भएपछि मन्दिरको चारैतिर ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । मन्दिर प्रवेश गर्ने मुख्यद्वारमै प्रहरी परिचालित छन् ।





## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबार सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# नागरिकलाई कर तिर्ने मेसिन नठानौं

*नेपाली राजनीतिमा पुराना दलहरूबाट वाक्कदिक्क भएका नागरिकले ठूलो आशा र भरोसा सहित नयाँ अनुहारलाई सत्ताको साँचो सुम्पेको छ। गत वर्षको जेन-जी विद्रोहपछि उदाएका वैकल्पिक शक्तिबाट आम जनताले एउटा 'विश्वासिलो सरकार'को अपेक्षा गर्नु स्वाभाविकै थियो। तर, सत्ताको कुर्सीमा पुगेपछि ती नयाँ अनुहार पनि पुरानै रोगको सिकार भएको देखिन्छ। विशेषगरी साउन १ देखि लागू भएको चालु बजेट र यसले बोकेका अव्यावहारिक कर नीतिहरूले जनताको सुन्दर सपना माथि चिसो पानी खन्याइदिएको देखिन्छ। 'जान्नेलाई छान्ने' भन्दै सत्तामा पुगेकाहरूले बिजुली, शिक्षा, स्वास्थ्यदेखि भान्सासम्म करको भारी बोकाएपछि अहिले आम नागरिकको आशा निराशामा र भरोसा आक्रोशमा परिणत भएको देखिन्छ। अब गरिबले बिरामी उपचार खर्च नभएर वा रोजगारी नपाएर विदेश जानुपर्दा वा ऋण तिर्न घरजग्गा बेच्दा पनि १० प्रतिशत वा त्योभन्दा बढी लाभकर सरकारले असुल्न थालेका छन। लिए पनि एक-दुई प्रतिशत पो लिने तर! रजिस्ट्रेशन दस्तुर यसै चर्को रहेका छन।*

*निष्कर्षमा भन्नुपर्दा, जनताले खोजेको परिवर्तन मीठा नारा र आकर्षक अनुहारमा मात्र सीमित बन्न पुगेको देखिन्छ। बिजुलीदेखि आर्यघाटसम्म अनि शिक्षादेखि स्वास्थ्यसम्म थोपरिएको अचाक्ली करले आम नागरिकको दैनिक जीवनलाई नै धरापमा पारेका छन। 'विश्वासिलो' भनिएको सरकारले नै नागरिकलाई कर तिर्ने मेसिन मात्र ठान्नु ठूलो भूल रहेको देखिन्छ।*

# विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाएका संरचना हटाईयो

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ५ श्रावण**

डिभिजन वन कार्यालय लहान सिरहाले जिल्लाको विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाएका संरचना हटाएको छ। जिल्लाको गोलबजार नगरपालिकास्थित चोहर्वा ब्यारेक नजिकै वन क्षेत्र अतिक्रमण गरेर बनाइएको संरचना हटाइएको कार्यालय प्रमुख बेचन चौधरीले जानकारी दिए।



यस्तै बलान सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरेर खनजोत गरेर खेती गरिरहेको जग्गा खाली गराएको प्रमुख चौधरीले बताए। सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा वन पैदावारको चोरी तस्करी नियन्त्रणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। कार्यालय प्रमुख चौधरीका अनुसार सिरहाको नवराजपुर गाउँपालिका-स्थित सोनबर्षा विद्यालय परिसरमा रु १६ लाखको लागतमा 'हिरत पार्क' निर्माण गरिएको छ। पार्कमा घेराबार, राष्ट्रिय झण्डा राख्ने संरचना, पदमार्ग तथा विद्यार्थीलाई खेलकुदका लागि खुला स्थान निर्माण गरिएको प्रमुख चौधरीले बताए। यसैगरी धनगढीमाई नगरपालिकाको तिनकोनीस्थित पोखरी रु २४ लाखको लागतमा संरक्षण तथा सौन्दर्यीकरण गरिएको छ। सो योजनाअन्तर्गत पोखरीमा घाट निर्माण तथा वरपरको क्षेत्र व्यवस्थित बनाइएको प्रमुखको भनाइ छ। उनका अनुसार धनगढीमाई मन्दिर परिसरमा रु चार लाखको लागतमा पार्क निर्माण गर्नुको साथै जिरोमाइलस्थित पार्क रु तीन लाख ६० हजारको लागतमा मर्मत गरिएको छ। वन क्षेत्रको संरक्षणका लागि बलानमाई सामुदायिक वन, सुबेदार चौरी सामुदायिक वन तथा बलान खोला सन्यासी सामुदायिक वनमा वृक्षारोपण गरिएको छ।

# साउनमा हरियो चुरा, मेहँदी र हरिया पहिरनको रौनक

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ५ श्रावण**

साउन महिना सुरु भएसँगै महोत्तरीका बजारदेखि गाउँबस्तीसम्म हरियो चुरा, मेहँदी र हरिया पहिरनको रौनक छाएको छ। पछिल्ला वर्षमा हरियो चुरामा युवती र किशोरीको आकर्षण बढेको छ। गौशाला नगरपालिका-४ की सुनिता महतोले साउनको पहिलो दिन दुवै हातमा हरियो चुरा लगाउनुभयो। औरही नगरपालिका-२ की रेणु यादव र गौशालाकी पूजा आलेले पनि हरियो चुरासँगै मेहँदी लगाएर साउने शृङ्गार गर्नुभएको छ।



यतिबेला बजार, कार्यालय तथा सार्वजनिक स्थलमा महिलाका हात हरिया चुराले सजिएका दृश्य सहजै देख्न सकिन्छ। साउनको सोमबार भगवान् शिवको पूजा र व्रत बस्ने परम्परासँग हरियो चुराको प्रयोग जोडिएको छ। विवाहित महिलाले पतिको दीर्घायु, सुख, शान्ति र पारिवारिक समृद्धिको कामना गर्दै व्रत बस्ने गर्छन् भने अविवाहित युवतीले मनोकामना पूरा हुने विश्वासका साथ हरियो चुरा लगाउने गरेका छन्। गौशालाकी आरती कुशवाहाले साउन धार्मिक, सांस्कृतिक र प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण महिना भएकाले महिनाभर हरियो चुरा लगाउने बताउनुभयो। चुरा पसलमा भेटिएकी मनीषाले पनि धार्मिक विश्वासकै कारण हरियो चुरा लगाएको सुनाउनुभयो। उहाँले भन्नुभयो, "साउनमा हरियो चुरा लगाउँदा मनोकामना पूरा हुन्छ भन्ने विश्वासले लगाएकी हुँ।" गौशाला-५ की बबिता थापाका अनुसार साउने सङ्क्रान्तिमा गरिने 'लुतो फाल्ने' परम्परा बिस्तारै हराउँदै गएको भए पनि हरियो चुरा र मेहँदी लगाउने चलन भने बढिरहेको छ।






अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: मित्रतामा फाटो आउने
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: लामो यात्राको योग छ
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव


श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनको क्षेप्यास्त्र प्रक्षेपणको डिकोडिङः रणनीतिक सङ्केत र क्षेत्रीय प्रभाव



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ श्रावण**

बेइजिङले जुलाई ६ मा पनडुब्बीबाट प्रक्षेपण गरिएको ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षणलाई संसारले नियमित रूपमा व्यवहार गरोस् भन्ने चाहन्छ। जम्मा भएका विवरणहरूले व्याख्या धेरै साँघुरो भएको बताउँछन् ।

सोमबार दिउँसो १२:०१ बजे, एक चिनियाँ आणविक शक्ति भएको पनडुब्बीले प्रशान्त महासागरमा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गर्‍यो, जुन कार्य बेइजिङले पहिले कहिल्यै सार्वजनिक रूपमा स्वीकार गरेको थिएन। नेभिगेसन चेतावनीहरूले सङ्केत गर्दछ कि योजनाकारहरूले सुरुमा दुई फरक प्रक्षेपण प्रोफाइलहरू विचार गरेका हुन सक्छन्ः एउटा जापानमाथि उडिरहेको बोहाई समुद्रबाट, र अर्को दक्षिण चीन सागरबाट सम्भवतः फिलिपिन्स पार गर्दै। केवल पछिल्लो कार्यान्वयन गरिएको देखिन्छ ।

आधिकारिक बयानहरूले परीक्षणलाई चीनको जनमुक्ति सेनाको वार्षिक प्रशिक्षण चक्रको भागको रूपमा वर्णन गरे । यो कुनै विशेष देशमा निर्देशित नभएकोमा जोड दिए, र भने कि सम्बन्धित सरकारहरूलाई पहिले नै सूचित गरिएको थियो । समय पनि रुससँग चीनको वार्षिक नौसेना अभ्यास, क्विङदाओमा यस वर्षको संयुक्त समुद्रको उद्घाटनसँग मेल खायो, यद्यपि मिसाइल प्रक्षेपणमा मस्को संलग्न भएको कुनै प्रमाण छैन । सबैभन्दा संयमित व्याख्या हतियार नियन्त्रण विश्लेषकहरूबाट आउँछ ।

मिडलबरी इन्स्टिच्युटका जेफ्री लुईसले परीक्षणको अत्यधिक व्याख्या गर्नु हुँदैन भनी बताए। आणविक हतियारधारी राज्यहरूले नियमित रूपमा आफ्नो क्षेप्यास्त्र प्रणालीको परीक्षण गर्छन् भन्ने कुरा पनि उनले थपे । त्यो तर्कको योग्यता छ। तैपनि लुईसको आफ्नै फलोअपले प्राविधिक तस्बिर कति अनिश्चित छ भनेर देखाउँछ । उपलब्ध तथ्याङ्कलाई पुनरावलोकन गर्दै, उनले भने कि क्षेप्यास्त्रको दायरा ७००० किलोमिटरको नजिक थियो, जुन चिनियाँ टिप्पणीकारहरूले सुरुमा उद्धृत गरेको लामो दूरीको जेएल-३ भन्दा पुरानो जेएल-२ सँग बढी मिल्दोजुल्दो थियो। त्यो परिवर्तनले महत्त्व राख्छ । यसले बेइजिङले कति कम स्पष्टता प्रदान गरेको छ र कति छिटो विश्वस्त निष्कर्षहरूले अस्पष्टतालाई बाटो दिन सक्छ भन्ने कुरालाई प्रकाश पार्छ। ताइवानको राष्ट्रिय सुरक्षा परिषद् बढी निर्णायक रूपमा अघि बढ्यो ।

# अर्जुन कपूरसँगको अफेयरको हल्लामा के भन्छिन् साहिबा बाली ?





**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ श्रावण**

अभिनेत्री तथा कन्टेन्ट क्रिएटर साहिबा बाली आफ्नो निजी जीवनलाई लिएर चर्चामा छिन् । गत १९ जुलाईमा साहिबा लण्डनको लर्ड्स क्रिकेट ग्राउन्डमा अर्जुन कपूरसँग भारत र इंग्ल्याण्डको म्याच हेरिरहेको देखिएकी थिइन् । अर्जुन र साहिबालाई सँगै देखेका कारण उनीहरूबीच डेटिङ भइरहेको खबरहरू बाहिरिएका थिए ।

डेटिङको हल्लालाई लिएर साहिबाले यसअघि पनि सामाजिक सञ्जालमा कटाक्ष गरेकी थिइन् । फेरि एकपटक उनले सामाजिक सञ्जालमार्फत यी अफवाहहरूप्रति आफ्नो आक्रोश व्यक्त गरेकी छन् । साहिबा बालीले सामाजिक सञ्जालमा पोस्ट गर्दै आफू र अर्जुन कपूरको अफेयरको अफवाह नफैलाउन आग्रह गरेकी छन् ।

उनले इन्स्टाग्राममा लण्डनस्थित इन्डिया हाउस बाहिर सोनम वाङचुकको समर्थनमा र दिल्लीको जन्तरमन्तरमा सीजेपीको 'चलो संसद' प्रदर्शनको समर्थनमा आयोजना गरिएको ऐक्यबद्धता र्‍यालीको दृश्य सेयर गरेकी छन्। सोमबार भएको उक्त र्‍यालीमा प्रदर्शनकारीहरूले निटका अनियमितताहरूको विरोध गर्दै केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानको राजीनामा मागेका थिए ।

आफ्नो इन्स्टाग्राममा अफेयरका अड्कलबाजीहरूलाई सम्बोधन गर्दै साहिबाले लेखेकी छन्, 'प्रिय मिडिया, लण्डनमा मेरो डेटिङ लाइफको बारेमा अफवाह फैलाउन बन्द गर ।' यो राष्ट्रिय समाचार नभएको उल्लेख गर्दै उनले थपेकी छन्, 'तर देखाउनु नै छ भने यो देखाऊ न ।' आफ्नो व्यक्तिगत जीवनलाई लिएर गलत समाचार चलाइएको र त्यो आफूलाई पटक्कै मन नपरेको साहिबाले स्पष्ट पारेकी छन् ।

उनले आफूले अर्जुनलाई डेट नगरेको कुरा स्पष्ट पारेकी छन् । अभिनेत्रीको पोस्टमा प्रतिक्रिया दिँदै प्रशंसकहरूले उनको समर्थन गरेका छन् । दुई जना मानिस सँगै देखिनुको अर्थ उनीहरूबिच अफेयर चलिरहेको छ भन्ने नहुने प्रशंसकहरूको भनाइ छ। सोमबार हजारौँ प्रदर्शनकारीहरू दिल्लीको जन्तरमन्तरमा भेला भई मनसुन सत्रको पहिलो दिन संसदतर्फ मार्च गरेका थिए। उक्त मार्चमा कम्तीमा २० हजार मानिस सहभागी भएको र उनीहरूमाथि प्रहरीले लाठीचार्ज गरेको दाबी गरिएको छ। सुरक्षाका कारण दिल्ली मेट्रोका पाँचवटा स्टेसनहरू अस्थायी रूपमा बन्द गराइएका थिए ।

# छुट्टाछुट्टै स्थानमा दुई जना मृत फेला

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ५ श्रावण**

सप्तरीको कञ्चनरूप नगरपालिकामा मङ्गलबार छुट्टाछुट्टै स्थानमा दुई जना मृत फेला परेको प्रहरीले जनाएको छ । मृत फेला पर्नेमा एक पुरुष र एक महिला रहेका छन् । कञ्चनरूप नगरपालिका-२ महादेवपट्टीका २८ वर्षीया आरतीकुमारी राम र सोही नगरपालिका-३ का ३० वर्षीय भरत साह झुन्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ । कञ्चनरूप नगरपालिका-२ महादेवपट्टीकी राम आफ्नै सुत्ने कोठामा झुन्डिएको अवस्थामा मृत फेला पर्नुभएको हो भने वडा नं. ३ स्थित झुलुङ्गे पुलमा साह झुन्डिएको अवस्थामा मृत फेला पर्नुभएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज धिमिरेले जानकारी दिनुभयो ।

भरत विगत तीन वर्षदेखि सोही क्षेत्रमा घरज्वाइँका रूपमा बस्दै आएका र नजिकै रहेको मल्टिरोल फार्ममा मजदुरी गर्दै आएको स्थानीयले बताएका छन् । इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरी टोलीले दुवै घटनास्थलमा पुगेर कानुनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाएको छ ।




अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## नयाँ सरकारले वृद्धि गरेका करहरुः-

१. नागरिकता सिफारिस रु. ५। बाट रु. ५०/-
   क) अंगिकृत नागरिकता रु.१५०/- बाट रु.५०००/-
   ख) प्रतिलिपी सिफारिस रु. १० बाट रु. ५०/-
२. जन्म, मृत्यु विवाह, वसाइसराई आदि रु.१००/- बाट रु.  ५००/-।
३. नाम थर संसोधन रु. १००/- बाट रु.५००/-
४. पेन्सन कार्ड सिफारिस रु.५००/- बाट रु. २०००/-
५. हकवाला, संरक्षण, सुचना पत्र रु. १००/- बाट रु. ५००/-
६. गैसस, क्लव, वाचनालय दर्ता रु. ५०५१ बाट रु. ३०००/-
७. गैसस तुला (अ.) रु. १०००/- बाट रु.१००००/-
८. व्यवसाय लगतकट्टा रु. १५५/- बाट रु.५००/-
९. कच्ची घर, विद्युत, खानेपानी जडान रु.२१०।- बाट रु. १०००/-
१०. विद्यालय दर्ता अनुमती रु. २५००/- बाट रु. १००००
११. विद्यालय वार्षिक कर रु. १०००/- बाट रु. १००००/-
१२. विद्यालय गाम्ने देखि ठाउँसारी रु.१००००/-
१३. भेटनरी उपचारमा रु.१००/- बाट रु. ५००/-
१४. जग्गाको चार किल्ला सिफारिस, प्रमाणीत पत्र रु. ५००/- बाट रु. २५००/-
१५. छुट जग्गा सिफारिस पत्र रु. २०००/- बाट रु. १००००/-
१६. घर बाटो सिफारिस पत्र रु. २०००/- बाट रु. ४०००/-
१७, सम्पती मुल्याइनको अंग्रेजी पत्र रु. ७०००/-
१८. घर नक्सा पास दस्तुर प्रति वर्ग फिट रु. १२। बाट रु.२४/-
१९. नवसा प्रतिलिपी सेट रु. ५०५/- बाट रु. १०००/-
२०. सम्पती कर वार्षिक (१ करोड मुनी) ०.४ र (१ करोड माथी) ०.६ प्रतिसतका दरले ।
२१. मालपोत भुमिकर रु. ५००/- दखि १०००।- बाट रु. ५००/- देखि १५००/-
२२. व्यवसाय करमा रु. १०० देखि १००० प्रतिशत वृद्धि
२३. पार्किङ्ग शुल्क १०० देखि १५० सम्म वृद्धि
२४. पूर्वाधार विकास शुल्कका नाममा सम्पती करमा थप अतिरिक्त प्रति वर्ष रु.१००००/- सम्म
२५. सम्वन्ध विच्छेद सिफारिस रु.५००/- बाट रु. २०००/-
२६. नाला ढल शुल्क प्रति महिना रु. १००० देखि रु. ५००/- सम्म
२७. विकास निर्माण सहभागिता शूल्क वडा स्तरिय उपभोक्ता संस्थालाई (सहभागिताका नाममा) १५ देखि ३० प्रतिशत ।

# कुरुक्षेत्रको धूलोदेखि मानिसको अन्तःकरणसम्मको यात्रा

-प्रेमचन्द्र झा

इतिहासले महाभारतलाई संसारकै सबैभन्दा विशाल युद्धका रूपमा अभिलेख गरेको छ। अठार दिनसम्म चलेको त्यो भीषण संग्रामले एउटा राजवंश मात्र होइन, एउटा युगको अन्त्य गरायो। लाखौं मानिसले ज्यान गुमाए, परिवारहरू उजाडिए, सभ्यताको एउटा अध्याय समाप्त भयो। तर प्रश्न उठ्छ–यदि महाभारत केवल एउटा राजवंशीय युद्ध मात्र थियो भने हजारौं वर्ष बितिसक्दा पनि किन त्यसको कथा मानिसको चेतनाबाट हराएन? किन आज पनि गीता पढिन्छ, महाभारतमाथि विमर्श हुन्छ, र किन त्यसका पात्रहरू प्रत्येक पुस्तामा नयाँ अर्थसहित पुनर्जीवित भइरहन्छन्? सायद यसको उत्तर इतिहासमा होइन, मानिसको अन्तःकरणमा लुकेको छ । महाभारतको वास्तविकता कुरुक्षेत्रको मैदानभन्दा धेरै विशाल छ । त्यो केवल हस्तिनापुरको सिंहासनका लागि भएको संघर्ष थिएन; त्यो मानिसभित्र चलिरहने शाश्वत द्वन्द्वको महाकाव्य थियो। बाहिर देखिएको युद्ध त केवल एउटा दृश्य थियो, अदृश्य युद्ध त प्रत्येक मानिसको मनभित्र निरन्तर चलिरहेको छ । यही कारणले महाभारत समयको सीमाभन्दा माथि उठेर युग-युगसम्म सान्दर्भिक रहन सफल भएको हो ।

कहिलेकाहीँ एउटा सुन्दर आध्यात्मिक आख्यान सुनिन्छ। युद्ध समाप्त भएको धेरै वर्षपछि संजय फेरि कुरुक्षेत्र पुग्छन् । चारैतिर हेर्छन् । जहाँ लाखौं योद्धाको रगत बगेको भनिन्छ, त्यहाँ हरियाली छ । माटो शान्त छ । चराहरू चिरबिराइरहेका छन् । उनले मनमनै सोच्छन–यदि यहीँ संसारको सबैभन्दा ठूलो युद्ध भएको थियो भने यो भूमिले त्यो रक्तपातको स्मृति किन बोकेको देखिँदैन ? त्यही बेला एक वृद्ध तपस्वी प्रकट हुन्छन् । उनी संजयलाई भन्छन्, “तिमी गलत ठाउँमा युद्ध खोजिरहेका छौ । वास्तविक कुरुक्षेत्र यो मैदान होइन । यदि महाभारत बुझ्न चाहन्छौ भने आफ्नै अन्तःकरणमा प्रवेश गर ।“ यही एउटा वाक्यले महाभारतलाई इतिहासबाट दर्शनमा रूपान्तरण गरिदिन्छ ।

हामीले महाभारतलाई धेरैपटक पढ्यौं, सुन्यौं र देख्यौं। तर अधिकांशले त्यसलाई राजपरिवारको कथा, राजनीतिक षड्यन्त्र र युद्धको आख्यानका रूपमा मात्र बुझेका छौं । जबकि महाभारतको सबैभन्दा ठूलो शक्ति यसको सांकेतिक भाषामा छ। व्यासले पात्रहरू सिर्जना मात्र गरेका होइनन्; मानव मनका तहहरूलाई पात्रको रूप दिएका छन्। त्यसैले महाभारत पढ्नु भनेको अरू कसैको कथा पढ्नु होइन, आफ्नै मनको नक्सा पढ्नु हो ।

आज मानिस विज्ञानमा अभूतपूर्व उचाइमा पुगेको छ । कृत्रिम बुद्धिमत्ताले निर्णय लिन थालेको छ । प्रविधिले समय र दूरीलाई लगभग समाप्त गरिदिएको छ । तर विडम्बना के छ भने मानिस आफ्नो मनसँग भने अझै पराजित छ। ऊ चन्द्रमासम्म पुग्न सफल भएको छ, तर आफ्नै क्रोधसम्म पुगेर त्यसलाई बुझ्न सकेको छैन । उसले महासागरको गहिराइ नापेको छ, तर आफ्नै अन्तर्मनको गहिराइ नाप्न सकेको छैन। बाहिरी संसार जित्दै जाँदा मानिसले भित्री संसार भने क्रमशः गुमाउँदै गएको छ ।

यही ठाउँमा महाभारत आधुनिक हुन्छ । आजका कौरवहरू हातमा गदा लिएर हिँड्दैनन्। उनीहरू भ्रष्टाचारका रूपमा देखा पर्छन्, लोभका रूपमा देखिन्छन्, सत्ता-लिप्साका रूपमा फैलिन्छन्, सामाजिक सञ्जालमा फैलिने घृणा, असहिष्णुता र असत्यका रूपमा उपस्थित हुन्छन् । उनीहरू कहिलेकाहीँ धर्मको आवरणमा हुन्छन्, कहिलेकाहीँ राष्ट्रवादको नारामा, त कहिलेकाहीँ व्यक्तिगत सफलताको चम्किलो आवरणभित्र। मानिसलाई पराजित गर्ने सबैभन्दा ठूलो शक्ति अब बाहिरी सेना होइन, आफ्नै अनियन्त्रित इच्छा र विकार बनेका छन् । यही कारणले महाभारत कुनै पुरानो ग्रन्थ मात्र होइन, आधुनिक सभ्यताको ऐना पनि हो । भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई युद्ध गर्न प्रेरित गर्नुको अर्थ हिंसालाई वैधता दिनु थिएन । उहाँले अर्जुनलाई आफ्नो कर्तव्य, विवेक र धर्मबाट पलायन नगर्न सिकाउनुभएको थियो ।

अर्जुनको समस्या युद्ध होइन, मोह थियो । उनी आफ्नै सम्बन्ध, आफ्नै भावनात्मक बन्धन र नैतिक द्वन्द्वबीच अल्झिएका थिए । आजको मानिस पनि त्यही अर्जुन हो। उसलाई पनि सही र गलत छुट्याउन कठिन भइरहेको छ । उसले पनि बारम्बार प्रश्न गर्छ– ’के सत्यको पक्षमा उभिनु सधैं सहज हुन्छ?’ गीता यही प्रश्नको उत्तर हो । गीताको सबैभन्दा ठूलो सन्देश के हो भने मानिसको वास्तविक पराजय बाहिरी युद्धमा हुँदैन; ऊ तब हार्छ, जब आफ्नो विवेकसँग हार्छ । बाहिरी संसारमा जितेर पनि यदि मानिस आफ्नै लोभ, क्रोध, ईर्ष्या र अहंकारको दास बनेको छ भने त्यो विजय वास्तवमा पराजय हो। तर संसारले नदेखे पनि यदि उसले आफ्ना विकारमाथि विजय प्राप्त गरेको छ भने त्यो नै साँचो विजय हो ।


यही कारणले कुरुक्षेत्र कुनै भौगोलिक स्थान मात्र होइन; यो मानिसको अन्तःकरण हो। धर्मक्षेत्र पनि यही हो र युद्धभूमि पनि यही हो । हरेक बिहान जब मानिस निद्राबाट उठ्छ, उसको मनभित्र एउटा नयाँ महाभारत सुरु हुन्छ । एउटा आवाज उसलाई सत्य, करुणा र संयमतर्फ डोऱ्याउँछ भने अर्को आवाज स्वार्थ, मोह र लोभतर्फ । यी दुई आवाजबीचको संघर्ष नै जीवनको वास्तविक युद्ध हो । प्रश्न अब यो होइन कि महाभारत कहाँ भयो ।

प्रश्न यो हो–आज हाम्रो जीवनरूपी रथको लगाम कसको हातमा छ? यदि त्यसलाई अहंकारले हाँकिरहेको छ भने कौरवहरू बलिया हुँदै जानेछन् । यदि त्यसको सारथि विवेक, सत्य र परमचेतना बनेका छन् भने पाण्डवहरू कहिल्यै पराजित हुने छैनन् । महाभारतको सबैभन्दा ठूलो रहस्य यहीँबाट खुल्न थाल्छ–हामी इतिहास पढिरहेका छैनौं, आफ्नै जीवन पढिरहेका छौं । कुरुक्षेत्र बाहिर होइन, हामीभित्र छ। र त्यो युद्ध आज पनि जारी छ । पात्रहरू होइनन्, मानव चेतनाका प्रतीक हुन् महाभारतका चरित्रहरू

महाभारतको सबैभन्दा ठूलो विशेषता के हो भने यसको प्रत्येक पात्रलाई केवल ऐतिहासिक व्यक्तित्वका रूपमा मात्र बुझ्न सकिँदैन। व्यासले पात्रहरूको निर्माण यसरी गरेका छन् कि उनीहरू मानव मनोविज्ञान, नैतिकता र आध्यात्मिक यात्राका प्रतीक बनेर उभिन्छन् । यही कारणले महाभारतलाई जति इतिहासको दृष्टिले पढिन्छ, त्यति नै दर्शन, मनोविज्ञान र जीवनशास्त्रका रूपमा पनि अध्ययन गरिन्छ । यदि हामी

क्रमशः















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday